OCR: 292553/78/079
PAN: 602411031

# Snow Rivers Limited
# स्नो रिभर्स लिमिटेड

च.नं.: ०२७-०८३/८४

मिति : २०८३/०५/२९ गते

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिहंदरबार प्लाजा, सिहंदरबार, काठमाडौं ।

**विषय : जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस स्नो रिभर्स लिमिटेडले श्री विद्युत नियमन आयोगमा आ.व. २०८२/८३ को मुनाफाबाट लाभांस वितरण गर्ने प्रयोजनार्थ पूर्व-स्वीकृति लिने सम्वन्धमा मिति २०८३ भाद्र ०४ गते बिहिवार वसेको संचालक समितिको निर्णय बमोजिम आ.व. २०८२/०८३ को मुनाफाबाट शेयरधनी महानुभावहरुलाई हाल कायम चुक्ता पुंजीको १०% बोनस शेयर र ०.५२६३% नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) वितरण गर्ने निर्णय बमोजिम श्री विद्युत नियमन आयोगमा मिति २०८३ भाद्र १५ गते बोनस शेयरको पूर्व-स्वीकृतिका लागि निवेदन पेश गरिएकामो श्री विद्युत नियमन आयोगले मिति २०८३/०५/२६ गते बोनस शेयरको पूर्व-स्वीकृति दिएको व्यहोरा जानकारीका लागी सादर अनुरोध गर्दछौं । साथै उक्त पत्र यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ :**

१. नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
३. विद्युत नियमन आयोग, सानोगौचरण, काठमाडौं ।
४. सानिमा क्यापिटल लि. नक्साल काठमाडौं ।

भवदिय

अभिषेक कार्की
कम्पनी सचिव

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

पत्र संख्या: २०८३/०८४

मिति: २०८३/०५/२६

चलानी नं: ९५८

**विषयः बोनस शेयरको पूर्व-स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

**श्री स्नो रिभर्स लिमिटेड,**
**ज्ञानेश्वर, काठमाडौं।**
**सम्पर्क नं: ९८१५८५८९२१**

प्रस्तुत विषयमा तहाँ कम्पनीबाट बोनस शेयरको पूर्व -स्वीकृति सम्बन्धमा मिति २०८३/५/१५ म प्राप्त निवेदन उपर छलफल हुँदा आ.व. २०८२/८३ मा आर्जित मुनाफाबाट हाल कायम चुक्ता पुँजीको १० प्रतिशतले हुन आउने रु.९,३७,५०,०००/- बराबरको बोनस शेयर वितरण गरी चुक्ता पुँजी रु. १,०३,१२,५०,०००/- कायम गर्दा हुने शेयर संरचना परिवर्तनको लागि *विद्युत् नियमन आयोग नियमावली*, २०७५ को नियम ४५ तथा *विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली*, २०७६ को विनियम १७ बमोजिम तपसिलका शर्तहरु सहित पूर्व स्वीकृति प्रदान गर्ने निर्णय भएको व्यहोरा आयोगको मिति २०८३/५/२५ को ३१९ औं बैठकको निर्णयानुसार अनुरोध छ।

**शर्तहरु:**

१. *प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।*
२. *प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ।*
३. *तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा र हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।*
४. *आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका, मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।*

आशिष शर्मा
(हाइड्रोलोजिष्ट)

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

CamScanner